# स्थानीय राजपत्र

पोखरा लेखनाथ महानगरपालिका द्वारा प्रकाशित

वर्ष : १ पोखरा खण्ड : १४ २०७५ जेठ ८ गते

भाग १

पोखरा लेखनाथ महानगरपालिकाको

**उप–प्रमुखसंग महिला कार्यक्रम सञ्चालन कार्यविधि**

पोखरा लेखनाथ महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : १ पोखरा खण्ड : १४ २०७५ जेठ ८ गते

भाग १

पोखरा लेखनाथ महानगरपालिकाको

## उप–प्रमुखसंग महिला कार्यक्रम सञ्चालन कार्यविधि–२०७४

**प्रस्तावना :**

पोखरा लेखनाथ महानगरपालिकालाई महिला मैत्री महानगरपालिकाको रुपमा स्थापित गराउन महिला हिंसालाई न्युनिकरण गर्नुपर्छ ।जव सम्म महिलाहरु आर्थिक रुपमा सवल र सक्षम हुदैन तव सम्म हिंसाबाट मुक्त हुन सक्दैन भन्ने कुरालाई ध्यानमा राखेर उप-प्रमुख संग महिला कार्यक्रम सन्चालन गर्न लागिएको हो । यो कार्यक्रमले पोखरा लेखनाथ महानगरपालिका भित्र भएका महिलाहरुको क्षमता अभिबृद्धि गरेर उधमशिलताको विकास गर्दै सुरक्षाको प्रत्याभूति, भेदभाव उन्मूलन आदि कार्यहरु गराउनको लागि वर्तमान नेपालको संविधान र स्थानीय सरकार संचालन कार्यविधि अर्न्तगत प्रस्तुत “उप-प्रमुख संग महिला कार्यक्रम संचालन कार्यबिधि” तयार गरि जारी गरिएको छ ।

**१.प्रारम्भ :**

यो कार्यबिधि नगरसभाबाट पारित भएका मिति देखि लागु हुने छ।

**२.परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

१."कार्यक्रम" भन्नाले उप-प्रमुख संग महिला कार्यक्रम सम्झनु पर्दछ।

२."कार्यपालिका" भन्नाले पोखरा लेखनाथ महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

३."प्रमुख" भन्नाले पोखरा लेखनाथ महानगरपालिकाका प्रमुख लाई सम्झनु पर्दछ।

४."प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महानगरपालिकाको प्रशासनको प्रमुख भै काम गर्ने अधिकृतलाई सम्झनु पर्दछ।

५."कार्यबिधि" भन्नाले उप-प्रमुख संग महिला कार्यक्रम संचालन कार्यबिधि २०७४ लाई सम्झनु पर्दछ।

**३. कार्यक्रमको उद्देश्य :**

१. पोखरा लेखनाथ महानगरपालिकालाई महिलामैत्री महानगरपालिका बनाउने।

२. लैङ्गिक हिंसालाई न्युनीकरण गर्दै पीडित तथा प्रभावितहरुका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने।

३. महिलाहरुको क्षमता अभिबृद्धि गराउदै आर्थिक रुपमा सवल र सक्षम बनाउन उधमशीलताको विकास गराउने।

४. महिलाहरुको समस्त विकाश मार्फत जीवनमा सकारात्मक परिर्वतन ल्याउने।

**४. कार्यक्रमको क्षेत्र**

१.प्रस्तावनाको उद्देश्य पुरा गर्न निम्न बमोजिमका आधारभुत क्षेत्र

तोकिएका छन् ।

(क) चेलीबेटी तथा मानव बेचविखन विरुद्धको सचेतना अभियान सम्वन्धि कार्यक्रम

(ख) घरेलु हिंसाका विभिन्न स्वरुप विरुद्धको नियन्त्रणमुखी कार्यक्रम

(ग) दाईजो विरुद्धको सचेतना कार्यक्रम

(घ) स्वास्थ्य पारिवारीक शिक्षाका कार्यक्रम

(ङ) लागुऔषध नियन्त्रण कार्यक्रम

(च) कानुनी सचेतना कार्यक्रम

(छ) एकल महिलाका सम्पत्ति अधिकार

(झ) बैबाहीक महिलाको नागरीकता, नाबालकको जन्म दर्ता सम्वन्धी अधिकार

(ञ) महिलाको आर्थिक आयआर्जनसंग प्रत्यक्ष सहयोग पुर्‍याउने र उद्यमशीलताको विकास गर्ने सीपमुलक कार्यक्रमहरु

## ५. कार्यक्रमका रणनीति

(क) नियमित फलोअप

(ख) अनुगमन र मुल्यांकन

## ६.संचालक समिति गठन सम्वन्धी व्यवस्था :

६.१.कार्यक्रम संचालनका लागि देहाय बमोजिम नौ सदस्यीय संचालक समिति रहनेछ ।

अध्यक्ष : उप-प्रमुख,

सदस्य : कार्यपालिकाको पाँच जना सदस्य

सदस्य : उद्यमशीलता र सिप विकासका क्षेत्रमा काम गरेका एक-एक जना महिला

सदस्य सचिव: महिला विकास अधिकृत, पोखरा लेखनाथ महानगरपालिका

पुनश्च : आवश्यकता अनुसार बैठकमा कानुन शाखाका कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

## ६.२. संचालक समितिको कार्य जिम्मेवारी :

१. कार्यक्रम संचालन सम्वन्धमा आवश्यक कार्य योजना तयार गरी कार्यान्वयन गर्ने ।

२. सिप विकास/महिला उद्यमसिलताका कार्यक्रमहरु संचालन नियमन तथा अनुगमन गर्ने ।

३. कार्यक्रमको उद्धेश्य अनुरुप काम गर्ने ।

४. वडास्तरबाट उद्यमसिलता रोजगारी तथा सशक्तीकरण अभिबृद्धि गर्न सिप तथा क्षमता अभिबृद्धि सम्वन्धी तालिमको लागत संकलन गर्ने ।

## ५.उप-प्रमुख संग महिला कार्यक्रम अर्न्तगत निम्न कार्यक्रमहरु गरिने छ।

५.१. खेलकुद, निर्माण, कृषि, ब्यवसायीक र घरेलु कामहरुलाई लक्षित उद्यमसिलता, रोजगार मुलक, सिपविकास तथा क्षमता अभिबृद्धि तालिम ।

५.२. स्थानीय महिला समूहहरुको सक्रियतामा स्थानीय स्तरका कृषि जन्य उत्पादन , बजारीकरण र व्यवस्थापन सम्वन्धी कार्यक्रमहरु ।

५.३. पोखरा लेखनाथ महानगरपालिका क्षेत्र भित्रका महिला लक्षित कार्यक्रमहरु संचालन ।

## ६.कार्यक्रम छनोट तथा कार्यान्वयन :

६.१. महिला संग उप-प्रमुख कार्यक्रम संचालन समितिले आफ्नै संलग्नतामा महिला लक्षित कार्यक्रम संचालन गर्न सक्ने छ ।

६.२. महिला सशक्तीकरण तथा सीप विकासको क्षेत्रमा कार्यरत संघ संस्थाहरुसंग समन्वय गरी कार्यक्रमहरु संचालन गर्नेछ।

६.३.वडा स्तरबाट कार्यक्रम माग भई आएमा संचलक समितिले आवश्यकता र अैचित्यता हेरी कार्यक्रम अगाडी वढाउन स्वीकृति दिन सक्ने छ । कार्यक्रमको प्रभावकारीताको अनुगमन उप-प्रमुख संग महिला कार्यक्रम संचालन समितिले गर्नेछ।

६.४.संचालक समितिले आवश्यक ठानेमा कार्यपालिकाबाट स्वीकृति

गराएर महिला उद्यमशिलताका लागिअनुदान तथा ऋृण सहायता उपलब्ध गराउन सक्नेछ ।

६.५ विपन्न र अति विपन्नलाई विशेष प्रथामिकता दिने । (एकल, हिंसा पिडित, अपाङ्गता भएका, दलित, आदिवासी जनजाति र सिमान्तकृत महिला ) ।

## ७. वैठक सम्वन्धी ब्यवस्था :

७.१. समितिको वैठक कम्तिमा ३ महिनाको एक पटक वस्ने छ । तर आवश्यक परेमा अध्यक्षको निर्देशनमा जुनसुकै बेला वैठक आव्हान गर्न वाधा पर्ने छैन ।

## ८. कोष सम्वन्धी ब्यवस्था :

कार्यक्रम संचालनको लागि आवस्यक वजेटको व्यवस्थापन महानगरको नगरसभाले गर्नेछ ।

## ९.विविध :

कार्यक्रम संचालनको कार्यविधि संचालक समितिको निर्णय बमोजिम हुनेछ ।

### ९.१. ब्याख्या गर्ने अधिकार :

कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयन सम्वन्धमा कुनै दुविधा परेमा अन्तिम ब्याख्या गर्ने अधिकार संचालक समितिमा रहनेछ ।

### ९.२. संसोधन सम्वन्धी ब्यवस्था :

कार्यविधिको कुनै ब्यवस्था संसोधन गर्नु परेमा नगर सभाले गर्नेछ ।

### ९.३. वाधा अड्काउ सम्वन्धी :

कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयनका सम्वन्धमा वाधा अड्काउ परेमा सो को ब्याख्या गर्ने अधिकार संचालक समितिमा रहने छ ।

## ९.४. निर्देशन दिन सक्ने :

कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक उपसमितिहरु गठन गरि कार्यान्वयनका लागि निर्देशन दिन सक्नेछ ।

**प्रमाणीकरण मितिः २०७५।०२।०७**

**राजपत्रमा प्रकाशित मितिः २०७५।०२।०८**

आज्ञाले,

दीर्घनारायण पौडेल

प्रमुख प्रशासकीय अधिकृत